कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
☎ ०८१-५४०००९

प.सं.: ०७९/०८० (आर्थिक विकास शाखा)
च.नं.:

---

## सिलबन्दी प्रस्ताव आव्हान सम्वन्धी सूचना
सूचना नं ०२/०७९/०८०
**दोस्रो पटक प्रकाशित मिति २०७९/०४/०८**

यस नगरपालिका राष्ट्रिय भुमि आयोग अन्तर्गत लगत संकलन सेवा केन्द्र कोहलपुर नगरपालिकामा रहेका भुमिहीन सुकुम्वासी,भुमिहीन दलित र अव्यवस्थित वसोवासीहरुको डाटा इन्ट्री कार्य सेवा करारद्वारा गराउनुपर्ने भएकोले तोकिएको योग्यता पुगेका इच्छुक संस्था/फर्मबाट निम्न शर्तको अधिनमा रहि सिलबन्दी प्रस्ताव पेस गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. फर्म नविकरण भएको इजाजत पत्र,आयकर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी आवश्यक योग्यताका कागजात संलग्न गरी लिखित निवेदन दिइ यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले सात(७)दिन कार्यालय समय भित्र कोहलपुर नगरपालिकाको आर्थिक विकास शाखाबाट फारम खरिद गर्न सकिने छ ।

२.खरिद गरेको प्रस्ताव फारम नियम अनुसार कामको विवरण,ठेगाना,प्रस्ताव पत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्वोधन गरी सूचना प्रकाशित भएको मितिले आठौं (८)दिनको १२.०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ ।दर्ता भएका प्रस्ताव सोही दिनको २.००बजे प्रस्ताव दाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।प्रस्ताव दाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि खोल्न कुनै बाधा पर्ने छैन।प्रस्ताव खरिद,दाखिला वा खोल्ने दिन विदा परेमा क्रमशः सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोहि समयमा खरिद,दाखिला र खोल्ने कार्य हुनेछ ।

३.दरभाउपत्र शर्त सहित प्रत्येक आइटममा केरमेट नभएको कार्यालयबाट उपलब्ध गराइएको प्रमाणित डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनु पर्नेछ ।दररेट सच्याउनु पर्ने भएमा सच्याइएको ठाउँमा दस्तखत र छाप भएको हुनुपर्ने छ ।

४.समय भित्र प्राप्त नभएको,रित नपुगेको,सुचनाका सर्त विपरित भएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

५.कम्प्युटर इन्सिच्युट,तालिम केन्द्र र कम्प्युटर सम्वन्धी काम गर्ने संघ/संस्थाहरुले भुमि आयोगले बनाएको सफ्टवेयरमा तोकिएका बिवरणहरु फायलमा रहेका कागजातहरु स्क्यान गरी डाटा इन्ट्री गर्नुपर्ने· ।सो प्रस्ताव साथ उक्त संस्थाको कम्प्युटर/ल्यापटप/स्क्यानर लगायतका उपकरणहरु उक्त संस्थासंग हुनुपर्नेछ । अपुग सामाग्री नगरपालिकाले उपलब्ध गराउने छ ।

६.प्राप्त सिलबन्दी प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा आशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ

७.कम्प्युटरको आधारभुत तालिम लिएर युनिकोडमा अक्षर टाईप गर्न सक्ने सीप भएका कम्तीमा दश (१०)जना जनशक्तिको बायो डाटा पेस गर्ने ।

८.समयावधी तिस (३०) दिन भित्र फायलहरु स्फटवेयरमा डाटा ईन्ट्री गरि सक्नु पर्ने छ ।

९. यसमा उल्लेख नभएको व्यहोरा नभएको व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

| सि.नं. | कार्यक्रमको विवरण | प्रति फायल रकम | जम्मा फायल संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | भुमिहिन सुकुम्वासी, भुमिहिन दलित र अव्यवस्थित वसोवासीको लैगत डाटा इन्ट्री | प्रति फायल अधिकत रु.४५।– (पैतालिस रुपैया)का दरले भ्याटसहित | ६५००(छ हजार पाँचसय) | |

...............
(टिकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत